लोक सेवा आयोग

# काठमाडौं कार्यालय

परीक्षा शाखा

नयाँ बानेश्वर, काठमाडौं

☎ ०१-४११५८३१, ४११५८३३, ४११५८३४ फ्याक्स नं- ०१-४११५८३५ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


## सहायक पथ प्रदर्शक पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ७६/०७७-७८, मिति २०७७/१०/२७**

यस कार्यालयको विज्ञापन नम्बर **१२०५१-१२०५२/०७६-७७ (खुला तथा समावेशी), नेपाल शिक्षा सेवा, पुरातत्व समूह, संग्रहालय उपसमूहको राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक), सहायक पथ प्रदर्शक** पदमा **काठमाडौं परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका परीक्षार्थीहरुको लिखित परीक्षा कार्यक्रम यस पूर्व कोभिड-१९ को विश्वव्यापी महामारीको कारण स्थगित गरिएकोमा लोक सेवा आयोगको मिति २०७७/०८/२५ गतेको निर्णयबाट नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को पालना गर्ने गराउने गरी निम्न मिति र समयमा निम्नानुसारका परीक्षा भवनहरुमा प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा एक घण्टा अगावै पुग्नु हुन अनुरोध छ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

### लिखित परीक्षा कार्यक्रम तथा परीक्षा भवन

| क्र.सं. | विज्ञापन नम्वर | पद | लिखित परीक्षा मिति, समय र अवधि | उम्मेदवारहरुको रोल नम्वर | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|---|---|
| १. | १२०५१-१२०५२/०७६-७७ (खुला तथा समावेशी) | सहायक पथ प्रदर्शक | २०७७/११/१४ गते विहानको ८:०० बजे (४५ मिनेट) (वस्तुगत बहुवैकल्पिक) | ३१०००१ देखि ३१००४९ सम्म | ४९ जना | श्री भिमसेनगोला मा.वि., नयाँबानेश्वर। |

**द्रष्टव्य १**:-

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।
३. काठमाडौं परीक्षा केन्द्र बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराईने छैन ।
४. परीक्षा भवनमा झोला, मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।
५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
६. परीक्षामा प्रवेश पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।

द्रष्टव्य २:- **कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा दुई मिटरको दूरी कायम गर्नु पर्नेछ ।
३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।
४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।
५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।
६. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी कार्यालयको टेलिफोन नं. ०१-४११५८३४ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ ।

| | | |
|---|---|---|
| ............................ | ............................ | .......................... |
| (छत्रभूषण तिमिल्सेना ) | (अभिराज डाँगी) | (चन्द्रकान्त निरौला) |
| नायब सुब्बा | शाखा अधिकृत | उपसचिव |